आकाशवाणी

मुख्य समाचार।

- प्रधानमन्त्री श्री  नरेन्द्र मोदी **नाइजीरिया, ब्राजील र गयानाको** पा ँच दिन े यात्रामा हुनुहन्छ।
- झाँसी मेडिकल कलेजको एन.आई.सीयूमा लाग्यो आगो, दस  जना नवजात-शिशुहरूको मृत्यु र सोह्र जना घाइते
- आज देशभरीनै राष्ट्रीय प्रेस दिवस मनाइदैछ
- कंग्रेस नेता र पूर्व वित्त मन्त्री श्री पी. चिन्दबरमले महाराष्ट्रको आर्थिक स्थितिमा जताउनु भयो चिन्ता, अनि
- आउने पाँच  सालमा मुम्बईकरको **आवाजाही**मा उल्लेखनीय सुधार हुने केन्द्रीय रेल मन्त्रीको दोबी

नाइजीरिया, ब्राजील र गयानाको  पाँच-दिवसीय यात्रामा प्रधानमन्त्री

प्रधानमन्त्री श्री  नरेन्द्र मोदी नाइजीरिया, ब्राजील र गयानाको पाँच दिने यात्रामा हुनुहन्छ। आफ्नो  वक्तव्यमा प्रधानमन्त्रीले भन्नुभएको छ, पश्चिमी अफ्रीकी क्षेत्रमा भारत नजिक सहयोगी नाइजीरियाको यो उहाँको पहिलो यात्रा हुनेछ । उहाँले भन्नुभयो उहाँको यात्राले सामरिक भागीदारीको शुरभारम्भको अवसर प्रदान गर्नेछ जो लोकतंत्र र बहुलवादमा साझा विश्वासमा आधारित हुनेछ। प्रधानमन्त्रीले नाइजीरियामा भारतीय समुदाय र नाइजीरियाका मानिसलाई भेट्ने पनि उत्सुकता व्यक्त गर्नुभयो। वहाँले मानिसलाई  हिन्दीमा स्वागत सन्देश पठाउनुभयो। श्री मोदीले उन्नाइसौँ जी-20 शिखर बैठकमा  ट्राइका सदस्यका रूपमा भाग लिनुहुनेछ। उहाँले भन्नुभयो पछिलो वर्ष भारतको सफल अध्यक्षतामा जी-20 मानिसको जी-20 समूह बनेको छ र globel  साउथको प्राथमिकतालाई यसको कार्यसूचीमा शामेल गरिएको छ।

यस वर्ष ब्राजीलले जी-20को अध्यक्षता समालेको छ। श्री मोदीले एक पृथ्वी, एक परिवार, एक भविष्यको दृष्टिकोणका अनुरूप अर्थपूर्ण चर्चा हुने आशा व्यक्त गर्नुभयो। यस अवसरमा उहाँले विश्वका केही अन्य नेताहरूसंग द्विपक्षीय सहयोगलाई अझै अघि बढाउनका लागि चर्चा गर्ने पनि बताउनु भयो।

झाँसी मेडिकल कलेजको एन.आई.सीयूमा लाग्यो आगो, दस  नवजात-शिशुहरूको मृत्यु र सोह्र जना घाइते उत्तर प्रदेशको झाँसीमe महारानी लक्ष्मीबाई मेडिकल कलेजको नवजात गहन देखभाल इकाई-एन.आई.सी.यू- मा भीषण आगो  लाग्नाले दसजना नवजात शिशुहरूको मृत्यु

भएको छ भने सोह्र जना घाइते छन् । पत्रकारसंग गरिएको बातचीतमा जिलाधिकारी श्री अविनाश कुमारले एन. आई. सी. यू.-मा आगो राती लगभग दस बजेर पैतालीस मिनटमा लगेको बताउनुभयो । कानपुर जोन अतिरिक्त पुलिस महानिदेशक श्री आलोक सिंह राहत कार्यको रेखदेखका लागि झाँसी पुग्नुभएको छ । उहाँले आगो circuit –का कारण लगेको पनि पुष्टि गर्नुभयो । श्री सिंहले बताउनुभयो , दुर्घटनाको समय एन. आई. सी. यू. वार्डमा सैतालीस जना नवजात भर्ती थिए। केही शिशुहरूलाई बचाइको छ।

उप-मुख्यमन्त्री श्री बृजेश पाठक झाँसीमा मेडिकल कलेज जानुभयो । मीडियासंग बातचीत गर्दै श्री पाठकले भन्नुभयो , मृतक शिशुहरूको पहिचानका लागि उहाँ परिवारसंग सम्पर्कमा हुनुहुन्छ । उहाँले भन्नुभयो , सरकारले दुर्घटनाको जाँच सुनिश्चित गर्नका लागि पहल उठाइ रहेको छ ।

उहाँले भन्नुभयो, जाँच तीन स्तरमा गरिनेछ । पहलो स्तरमा स्वास्थ्य विभागले जाँच गर्नेछ, दोस्रो स्तरमा पुलिस अनि जिला प्रशासन तथा तेस्रो स्तरमा जिलाधिकारीले जाँच गर्नेछन् ।

देशभरमा मनाइदैछ राष्ट्रीय प्रेस दिवस

आज देशभरीनै राष्ट्रीय प्रेस दिवस मनाइदैछ । समाजमा स्वतन्त्र र उत्तरदायी प्रेसको महत्वपूर्ण भूमिकाको सम्मानमा प्रत्येक वर्ष सोह्र नवम्बरमा प्रेस दिवस मनाइन्छ । उन्नाइस सय छयसट्ठीमा आज कै दिन भारतीय प्रेस परिषदले काम गर्न शुरु गरेको थियो । परिषदले यो सुनिश्चित गर्छ , प्रेसले उच्च मानकलाई बनाइ राखोस र कुनै धमकी र प्रभावका अघि न झुकोस । यस दिवसले केवल प्रेसको उपलब्धीलाई न दर्शाएर पारदर्शी र शिक्षित समाजको निमार्णमा यसको उत्तरदायित्वलाई बढ़ावा पनि दिन्छ। यस अवसरमा विभिन्न कार्यक्रमका साथ पत्रकारिताको क्षेत्रमा उत्कृष्टता पुरस्कार प्रदान गरिन्छ र एउटा स्मारिका जारी गरिन्छ। राष्ट्रीय प्रेस दिवसको अवसरमा केन्द्रीय सूचना र प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा समारोहलाई सम्बोधन गर्नुभयो । यस वर्ष मुख्य समारोहको थीम छ – प्रेसको बदि्लदो स्वरूप।

महाराष्ट्र-कंग्रेस

कंग्रेस नेता र पूर्व वित्त मन्त्री श्री पी. चिन्दबरमले महाराष्ट्रको आर्थिक स्थितिमा चिन्ता जताउनु भयो । श्री चिन्दबरमले आज मुम्बईमा एउटा संवाददाता सम्मेलनमा बेरोजगारीलाई राज्यको सबैभन्दा गम्भीर मुद्दा बताउनुभयो । उहाँले उद्योगीलाई छिमेकी राज्यमा स्थापित गर्नका लागि सरकारको आलोचना गर्नुभयो र प्याज निर्यात प्रतिबन्धबाट किसानलाई भएको नोक्सानको पनि उल्लेख गर्नुभयो । श्री चिन्दबरमले उद्योगपतीका लागि पनरह लाख करोड़ रुपियाँको

ऋण माफीको फेसलाको पनि निन्दा गर्नुभयो ।यस अन्तर्गत कंग्रेस पार्टीले **मुम्बई नामा** घोषणापत्र जारी गऱ्यो ।

**संशो झारखण्ड- चुनाव प्रचार**
झारखण्डमा राष्ट्रीय जनतान्त्रीक गठबन्धन र इण्डिया गठबन्धनका नेताले विधानसभा चुनावको दोस्रो चरणका लागि जिरोदेखी प्रचार गरिरहनुभएको छ । वरिष्ठ भाजपा नेता श्री हेमन्त बिस्वा सरमाले जामताड़ामा एउटा जनसभामा भन्नुभयो , श्री हेमन्त सोरेनले झूठो वादा गर्नुहुँदैछ । अर्का तर्फ झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता र मुख्यमन्त्री श्री हेमन्त सोरेनले भारतीय जनता पार्टीलाई उहाँको सरकारलाई धमकाउने आरोप लगाउनु भयो । श्री सोरेनले दुमकामा एउटा जनसभामा भन्नुभयो , केन्द्रले राज्यमा चुनावमा प्रवर्तन निदेशालय र केन्द्रीय अन्वेषण व्यूरोलाई सक्रिय गरेको छ ।वरिष्ठ भारतीय जनता पार्टीका नेता र केन्द्रीय मन्त्री श्री अमित शाह आज दुमका, देवघर र धनवारमा तीनबटा रैली गर्नुभयो । कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खरगेले जामताड़ा र खिजरीमा जनसभा गर्नुहुनेछ । आरजेडी नेता तेजस्वी श्री यादवले पनि गोड्डामा रैली गर्नुहुनेछ। फिल्म स्टारदेखी नेता बनेका मिथुन चक्रवर्तीले दुमका र जामताड़ामा जनसभा गर्नुहुनेछ ।

आउने पाँच सालमा मुम्बईकरको आवाजाहीमा उल्लेखनीय सुधार हुनेछ - अश्विनी वैष्णवकेन्द्रीय रेल मन्त्री श्री अश्विनी वैष्णवले बिश्वास दिलाउनुभयो , आउने पाँच सालमा मुम्बईकरको आवाजाहीमा उल्लेखनीय सुधार हुनेछ । मुम्बई प्रेसलाई सम्बोधित गर्दै उहाँले बताउनुभयो, महाराष्ट्रमा विभिन्न रेलवे परियोजनामा एक लाख चौसठी हजार छ सय पाँच करोड़ रुपियाँको निवेश गरिदैछ। उहाँले भन्नुभयो , राज्यमा विभिन्न मेट्रो परियोजनामा एक लाख दस हजार करोड़ रुपियाँको निवेश गरिदैछ। नयाँ रेलवे लाइन बारे कुरा गर्दै उहाँले भन्नुभयो , राज्यमा छ हजार किलोमीटर नयाँ पटरी फिजाइदैछ । अमृत भारत स्टेशन योजना अन्तर्गत एक सय बतिस रेलवे स्टेशलाई राम्रो बनाइदैछ । श्री वैष्णवले भन्नुभयो , मुम्बईमा तीन सय विस किलोमीटर पटरी फिजाईदैछ र मुम्बईमा सोह्र हजार करोड़ रुपियाँ भन्दा अधिकको निवेश गरिदैछ। उहाँले मुम्बईमा कवच पाँच दशमलव जीरो (5 point ) लागू गरिनेछ। यसले उपनगरीय ट्रेन बीचको समय एक सय अस्सी सेकेन्डदेखी घटाएर एक सय बिस सेकेन्ड गर्नमा सहयोग मिल्नेछ । उहाँले भन्नुभयो , नयाँ रेल लाइन र नयाँ तकनीकको सहयोगले अगिलो तीन सालमा मुम्बईमा तिनसय उपनगरीय लोकल ट्रेन जोड़ीने छ। श्री वैष्णवले देशको पहिलो भारतीय रचनात्मक प्रौद्योगिकी संस्थान मुम्बईमा स्थापित गरिने पनि बताउनुभयो ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी नाइजीरिया, ब्राजील र गयानाको पाँच दिने यात्रामा हुनुहन्छ।
- झाँसी मेडिकल कलेजको एन.आई.सीयूमा लाग्यो आगो, दस नवजात-शिशुहरूको मृत्यु

र सोह्र जना घाइते

- आज देशभरीनै राष्ट्रीय प्रेस दिवस मनाइदैछ
- कंग्रेस नेता र पूर्व वित्त मन्त्रीले महाराष्ट्रको आर्थिक स्थितिमा चिन्ता जताउनु भयो, अनि
- आउने पाँच  सालमा मुम्बईकरको आवाजाहीमा उल्लेखनीय सुधार हुने केन्द्रीय रेल मन्त्रीको दोबी